# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

खराड ३ ] काठमाडौं कार्तिक १७ गते २०१० साल [ संख्या १२


## भाग २

## अर्थमन्त्रालयको सूचना

०८ साल माघ १ गतेदेखि भर्ना भएका जवानहरूलाई निजहरूले पाउने स्केलको शुरु अंक मात्र ( तलब ) खुवाउनु, ०८ साल पौष मसान्तपछि स्केल निस्कनुको बिचमा प्रमोशन पाएका जवानहरूको हकलाई शुरुअंक मात्र खुवाउँदा साबिक खाइपाई आएको अंकमा घट्ने भएमा भाद्र १० गते प्रकाश भएको नयाँ तलब दरबन्दी सम्बन्धित नियमको दोस्रा दफाबमोजिम गर्नु भन्ने ०९ साल फाल्गुन २६ गते गजेट प्रकाश भएकोमा भ्रम परेको बेहोरा कम्यारण्डरी किताप-खानाले रिपोट गरेकोमा साबिकका नौसिन्दा , बहीदार , ना . रा , ना . सु, राइटर, मुखिया, बिचारी र नायब डिठ्ठा दर्ज्यानी तथा हाकिम तहरीर फाँटवाला




प्राधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि


112

डिट्ठा , खरीदारहरु ०६ साल आषाढ २ गतेका गजेटबाट मात्र पहिला दोस्रा दर्जाको कारिन्दा र फाँटवाला दर्ज्यानीमा गाभिएको र सो आषाढ ३ गतेदेखि मात्र दोस्रा दर्जाको कारिन्दाबाट पहिला दर्जाको कारिन्दामा र पहिला दर्जाको कारिन्दाबाट फाँटवालामा मात्र प्रमोशन गर्ने गर्नु भन्ने ०६ साल आश्विन २८ गते गजेट प्रकाश भएकोबाट सो मिति अर्थात् ०६ साल आषाढ २ गतेभन्दा अगाडि साबिक रुल नियमबमोजिम यी साबिकका बिभिन्न दर्ज्यानीमा नयाँ नियुक्ति सरुवा अथवा प्रमोशन भएको सदरै मान्नुपर्ने हुँदा ती दर्ज्यानीमा ०६ साल आषाढ २ गतेसम्ममा नयाँ नियुक्ति सरुवा अथवा प्रमोशन भएको सदरै मरी ०६ साल आषाढ ३ गतेका गजेटमा किटिएबमोजिम खुवाउनुपर्ने हुनाले सो-बमोजिम गर्नू । त्यसपछिकालाई र अरुको हकलाई भैरहेका गजेट ऐन सवाल आदेश-बमोजिम खाने खुवाउने गर्नू भन्ने श्री प्रधान तथा अर्थमन्त्रीज्यूबाट मेमो सदर भएकोले सोबमोजिम गर्नुहोला ।

आज्ञाले:—

चूडानन्द

का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

११६०